
# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २६५ | काठमाडौं | सोमबार, ०७ माघ २०८१ | Prabhab National Daily | Monday, January 20, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–







# राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने बाटो खुला




■ जेबी योञ्जन

- राष्ट्रिय परिचयपत्र सार्वजनिक सेवा प्राप्तिमा अनिवार्य गर्न सरकारलाई मार्गप्रशस्त
- अधिवक्ता रामबहादुर रावलको रिट खारेज
- सामाजिक सुरक्षाभत्ता लिन, बैंक खाता खोल्नेलगायत सेवामा अब राष्ट्रिय परिचयपत्र अनिवार्य

**काठमाडौं–** सरकारी सेवाका लागि राष्ट्रिय परिचयपत्रलाई अनिवार्य बनाउन सरकारलाई बाटो खुला भएको छ । सर्वोच्च अदालतले आइतबार राष्ट्रिय परिचयपत्र कार्यान्वयनलाई रोक लगाउन माग गर्दै दायर गरेको रिट निवेदन खारेज गर्‍यो ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू अब्दुल अजिज मुसलमान र नृपध्वज निरौलाको इजलासले रिट खारेज गर्ने फैसला गरेसँगै सरकारलाई राष्ट्रिय परिचयपत्र अन्य सरकारी सेवाका लागि पनि अनिवार्य गर्ने बाटो खुलेको हो ।

रिट निवेदक अधिवक्ता रामबहादुर रावल हुन् । उनले रिटमार्फत सरकारले सामाजिक सुरक्षाभत्ता, मोबाइलको सिम कार्ड र सबै सार्वजनिक सेवा लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय खारेजीको माग गरेका थिए । सामाजिक सुरक्षाभत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा कयौं नागरिक भत्ताबाट वञ्चित भएकाले त्यसलाई चरणबद्धरूपमा कार्यान्वयन गर्न माग गरिएको थियो । सरकारले गत २४ जेठको मन्त्रिपरिषद् बैठकमार्फत १ साउनदेखि पहिलो चरणमा २८ जिल्लामा सामाजिक सुरक्षाभत्ता नवीकरण गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेको थियो ।

ती जिल्लाहरू झापा, रौतहट, रूपन्देही, मोरङ, सर्लाही, कपिलवस्तु, सुनसरी, काठमाडौं, दाङ, उदयपुर, भक्तपुर, बाँके, सप्तरी, ललितपुर, बर्दिया, सिरहा, सिन्धुली, सुर्खेत, धनुषा, मकवानपुर, कैलाली, महोत्तरी, चितवन, कञ्चनपुर, बारा, कास्की, पर्सा र तनहुँ हुन् । यही १ माघदेखि थप ३८ जिल्लामा राष्ट्रिय परिचयपत्र लागू गर्ने भनिएको थियो । तर, रिट परेपछि लागू भएन । रिट निवेदनमा गम्भीर कानुनी प्रश्न समावेश भएको देखिएको भन्दै सर्वोच्चले रिट निवेदनलाई तीन सदस्यीय पूर्णइजलासमा पेस गर्न आदेश दिएको थियो । अन्ततः पूर्णइजलासमा सुनुवाइ भएपछि आइतबार रिट खारेजको आदेश आएको हो । तर, सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले फैसलाको लिखित आदेश आउन बाँकी रहेको जानकारी प्रभावलाई दिए ।

यसअघि संसद्‌को बर्खे अधिवशेनमा सांसदहरूले सामाजिक सुरक्षाभत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने प्रावधान तत्कालका लागि रोक्न माग गरेका थिए । एमाले सांसद ऋषिकेश पोखरेलले गत ३१ जेठमा सामाजिक सुरक्षाभत्ताका लागि राष्ट्रिय परिचयपत्र र बायोमेट्रिक चाहिनेभन्दा धेरैलाई समस्या भएको बताएका थिए ।

क्रमशः पृष्ठ २ मा

# अन्ततः गाजामा युद्धविराम



हमासले तीन जना बन्धक रिहा गरेसँगै औपचारिकरूपमा गाजा युद्धविराम कार्यान्वयनमा

हमासले आइतबार रिहा गरेका रोमी गोनेन, एमिली डमारी र डोरोन स्टेनब्रेचर ।

■ प्रभाव संवाददाता

- हमासले रोमी गोनेन, एमिली डमारी र डोरोन स्टेनब्रेचरलाई रेडक्रसको रोहबरमा राखेर इजरायली सेनालाई बुझाएसँगै आधिकारिकरूपमा युद्धविराम सुरु
- युद्धविरामप्रति असन्तुष्टि व्यक्त गर्दै इजरायली सरकारका रक्षामन्त्री तथा अति दक्षिणपन्थी पार्टीका प्रमुख इटामार बेन ग्विरले राजीनामा दिएका छन्
- हमासले पहिलो चरणमा रिहा गर्ने बन्धकहरूको ३३ जनाको सूचीमा विपिन जोशीको नाम समेटिएको छैन

**काठमाडौं–** अन्ततः इजरायल र प्लोस्टिनी लडाकु समूह हमासबीच १५ महिनादेखि जारी युद्ध आइतबार रोकिएको छ । शान्ति पक्षधरहरूको तीव्र दबाबपछि इजरायल र हमास आइतबारबाट लागू हुनेगरी युद्धविराम गर्न राजी भएका हुन् । हमासले तीन जना बन्धकलाई रिहा गरेपछि औपचारिकरूपमा युद्धविराम कार्यान्वयनमा आएको हो । त्यहाँको स्थानीय समयअनुसार दिउँसो १२ बजे युद्धविराम सुरू भए पनि हमासले प्राविधिक कारण देखाउँदै तीन युद्ध बन्धकलाई साँझ सवा ५ बजेमात्र रिहा गरेको थियो ।

हमासले रोमी गोनेन, एमिली डमारी र डोरोन स्टेनब्रेचरलाई रेडक्रसको रोहबरमा राखेर इजरायली सेनालाई बुझाएसँगै आधिकारिक रूपमा यद्धविराम भएको हो । इजरायली सेनाले तीनै जना बन्धक रिहा भएको पुष्टि गरेको छ । रिहा भएकी डोरोन पशु चिकित्सा नर्स हुन् । हमासले अक्टोबर ७ मा आक्रमण गर्दा उनी किबुज केफर अजाको अपार्टमेन्टमा थिइन् । एमिलीलाई किबुट्ज कफर अजाबाट बन्धक बनाइएको थियो । उनीसँग बेलायत र इजरायलको दोहोरो नागरिकता रहेको छ । त्यस्तै रोमी सुपरनोभा फेस्टिभलबाट भाग्न खोज्दा एम्बुसमा परेकी थिइन् ।

क्रमशः पृष्ठ २ मा

## रिहा सूचीमा परेनन् विपिन



नेपाली विद्यार्थी विपिन जोशी पहिलो चरणको रिहाइ सूचीमा परेका छैनन् । 'अर्न एन्ड लर्न' कार्यक्रमअन्तर्गत इजरायल पुगेका कञ्चनपुरका विपिन झन्डै चार महिनादेखि हमासको बन्धनमा रहेको बताइएको छ । ७ अक्टोबर २०२३ मा इजरायलको गाजासीमा क्षेत्रमा हमास समूहले आक्रमण गर्दा १० जना नेपाली विद्यार्थीको मृत्यु भएको थियो । उक्त आक्रमणमा परी चार जना घाइते भएका थिए भने जोशीलाई हमास समूहले नियन्त्रणमा लिएर गाजातर्फ लगेको थियो । उनको अवस्था अझै अज्ञात छ । २०८० असोज २० गते विपिन परिवारको सम्पर्कमा छैनन् ।

उनको रिहाइका लागि नेपाल सरकारले इजरायलसँगै कतार र इजिप्टसँग समेत कूटनीतिक पहल गर्दै आएको छ । तर, उनको रिहाइ हुन सकेको छैन । हमासले गरेको आक्रमणपछि विपिनसहित २५१ जनालाई बन्धक बनाएर लगेको थियो । ताञ्जानियाका एक, थाइल्याण्डका आठ र इजरायलका ८४ सहित ९४ जना अझै हमासको नियन्त्रणमा छन् । तिनमा ८१ पुरुष १३ महिला रहेको बताइएको छ । इजरायली अधिकारीहरूका अनुसार हमासको नियन्त्रणमा रहेकामध्ये ६० जना जीवित छन् । हमासले पहिलो चरणमा रिहा गर्ने सार्वजनिक गरिएको ३३ जना बन्दीको सूचीमा विपिनको नाम छैन ।

**सन्दर्भ: वैदेशिक रोजगार**

# प्रमुख रोजगार गन्तव्यमा युएई शीर्षस्थानमा

## छ महिनामा तीन लाख ९३ हजार ६७ जना विदेसिएकामध्ये ३१ प्रतिशतको गन्तव्य बन्यो युएई

■ ममता थापा

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को छ महिनामा युनाइटेड अरब इमिरेट्स (युएई) नेपालीहरूको प्रमुख रोजगार गन्तव्य बनेको छ । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको पुस मसान्तसम्मको तथ्यांकमा सबैभन्दा धेरै कामदार युएईमा गएको पाइएको हो ।

यस अवधिमा युएईमा एक लाख २२ हजार ८२९ जना पुगेका छन् । यसमा व्यक्तिगत तथा संस्थागत नयाँ श्रम स्वीकृति लिएका तथा पुनः श्रम स्वीकृति लिएका सबै कामदार समेटिएका छन् । पुस मसान्तसम्म श्रम स्वीकृति लिएर विदेसिएका कूल संख्याको ३१ प्रतिशत हिस्सा युएईले ओगटेको छ ।

उक्त अवधिमा तीन लाख ९३ हजार ६७ जना श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न मुलुकमा गएका छन् । यसरी श्रम स्वीकृति लिनेमध्ये दुई लाख २५ हजार ६२५ जना नयाँ रहेका छन् । जसमा ६४ हजार ४५९ जनाले व्यक्तिगत श्रम स्वीकृति लिएका छन् भने एक लाख १६१ हजार १६६ जना म्यानपावर कम्पनीमार्फत श्रम स्वीकृति लिएर गएका हुन् । साउनदेखि पुस मसान्तसम्ममा एक लाख ६२ हजार ६२८ जनाले पुनः श्रम स्वीकृति लिएको तथ्यांकमा उल्लेख छ । यसैगरी जिटुजी प्रणालीमार्फत दक्षिण कोरिया, इजरायल र बेलायतमा जानेको संख्या चार हजार ८१४ जना छन् । जिटुजीमार्फत जानेमा अधिकांश इपिएस प्रणालीबाट कोरिया गएका हुन् ।

गत आर्थिक वर्ष २०८०/८१ मा पनि सबैभन्दा धेरै कामदार युएईमा गएका थिए । अघिल्लो आव २०७९/८० मा भने मलेसिया शीर्ष स्थानमा थियो । मलेसियामा कामदार लैजान त्यहाँको सरकारले श्रम नीति परिवर्तन गरेपछि त्यहाँ रोजगारीका लागि जानेको संख्या ह्वात्तै घटेको हो । समीक्षा अवधिमा मलेसिया पाँचौं स्थानमा परेको छ । त्यहाँ जान १४ हजार ५७२ जनाले श्रम स्वीकृति लिएका छन् ।

युएईपछिको दोस्रो स्थानमा साउदी अरेबिया रहेको छ । उक्त अवधिमा साउदीका लागि ७८ हजार ४६८ जनाले श्रम स्वीकृति लिएका छन् । तेस्रोमा रहेको कतारका लागि ७१ हजार १७६ जनाले श्रम स्वीकृति लिएका छन् । चौथोमा रहेको कुवेतमा जान ३० हजार ३४३ जनाले श्रम स्वीकृति लिएका छन् ।

छैटौं स्थानमा युरोपेली राष्ट्र रोमानिया परेको छ । रोमानियाका लागि १३ हजार ७९५ जनाले श्रम स्वीकृति लिएका छन् । उक्त अवधिमा पूर्वी एसियाली मुलुक जापान नेपालीहरूको सातौं प्रमुख श्रम गन्तव्य बनेको छ, जहाँ १० हजार ५०३ जना गएका छन् । यस्तै युरोपेली मुलुक क्रोएसिया आठौं स्थानमा छ । उक्त मुलुकका लागि छ हजार ५७० जनाले श्रम स्वीकृति लिएका छन् । नवौं स्थानमा रहेको दक्षिण कोरियामा पाँच हजार ९६६ जना र दशौं स्थानमा रहेको बहराइनमा पाँच हजार ८०५ जना पुगेका छन् ।

**साउदेखि पुस मसान्तसम्म धेरै नेपाली कामदार गएका १० मुलुक**

| | |
|---|---|
| युएई | १,२२,८२९ |
| साउदी अरेबिया | ७८,४६८ |
| कतार | ७१,१७६ |
| कुवेत | ३०,३४३ |
| मलेसिया | १४,५७२ |
| रोमानिया | १३,७९५ |
| जापान | १०,५०३ |
| क्रोएसिया | ६,५७० |
| दक्षिण कोरिया | ५,९६६ |
| बहराइन | ५,८०५ |

*स्रोत: वैदेशिक रोजगार विभाग*

### धनुषाबाट धेरै, मनाङबाट कम

जिल्लागत हिसाबले हेर्दा धनुषाबाट सबैभन्दा धेरै युवा विदेसिएका छन् । यहाँबाट गत छ महिनामा १२ हजार ८७८ जनाले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीका लागि गएका छन् । यस्तै उक्त छ महिनाको अवधिमा झापाबाट ११ हजार ३५८ जना, मोरङबाट १० हजार ४६२ जना, सिरहाबाट १० हजार ३६५ जना, महोत्तरीबाट आठ हजार ८४६ जना, सुनसरीबाट आठ हजार २६० जना, रूपन्देहीबाट सात हजार ८०५ जना, सर्लाहीबाट सात हजार २४७ जना, चितवनबाट पाँच हजार ६०९ वैदेशिक रोजगारीमा गएका छन् ।

हिमाली जिल्ला मनाङबाट भने सबैभन्दा कम ९१ जनाले मात्र श्रम स्वीकृति लिएको तथ्यांक छ । आर्थिक वर्ष २०८०/८१ मा पनि सबैभन्दा धेरै धनुषाबाट ३९ हजार १०७ जना वैदेशिक रोजगारीका लागि गएका थिए भने सबैभन्दा कम मनाङबाट १७९ जना गएका थिए ।

### सबैभन्दा बढी दक्ष कामदार

चालु आवको छ महिनामा विदेसिएकामध्ये सबैभन्दा बढी दक्ष कामदार दुई लाख ५३ हजार १२२ जना रहेका छन् । रोजगारीका लागि जाने उच्च दक्ष कामदारको संख्या भने न्यून रहेको छ । सो अवधिमा ४७८ मात्र यस्ता जनशक्ति बाहिरिएका छन् । यस्तै ९६ हजार ५४४ जना अदक्ष कामदार पनि छ महिनाको अवधिमा मुलुकबाट बाहिरिएका छन् ।




# फागुनमा 'स्वयम्भू महोत्सव' आयोजना गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी फागुनमा 'स्वयम्भू महोत्सव' आयोजना हुने भएको छ। काठमाडौं महानगरपालिकाको वडा नं. १५ ले फागुन १० गतेदेखि १७ गतेसम्म महोत्सव आयोजना गर्न लागेको हो ।

स्थानीय व्यक्ति, समुदाय, संघसंस्था तथा साझेदारहरूसँगको सहकार्यमा महोत्सव आयोजना गरिने वडाले जानको छ । यस विषयमा स्थानीयसँग प्रतिक्रिया लिन तथा सहभागिता सुनिश्चित गर्न वडाले हालै बृहत् छलफल कार्यक्रम सम्पन्न गरेको वडाध्यक्ष ईश्वरमान डंगोलले जानकारी दिए ।

'वडामा भएका प्राचीन धार्मिक, सांस्कृतिक, पुरातात्त्विक तथा सामाजिक मठमन्दिर, चैत्य, गुम्बासहितका मूर्त सम्पदा तथा संस्कृति र परम्पराजस्ता विविधतायुक्त अमूर्त सम्पदाले सजिएको वडालाई सद्भावपूर्ण पहिचानको प्रवर्द्धन गर्न महोत्सव आयोजना गर्न लागिएको हो,' वडाध्यक्ष डंगोलले भने, 'वडाले नेतृत्व लिएर थालेको कामबाट पहिचान र समृद्धिका कोणबाट दिगो लाभ प्राप्त गर्न व्यक्ति, समुदाय, निजी तथा सामाजिक क्षेत्र सबैको सहभागिताको अपेक्षा गरेका छौं ।'

छलफलमा पूर्वमन्त्री जीवनराम श्रेष्ठले महोत्सवमा आउने व्यक्तिले देखेको, हेरेको र भेटेको वस्तुको फरकपन महसुस गराउनुपर्ने बताए। 'स्टोरी मेकिङ र स्टोरी टेलिङ (कथा बनाउनु र भन्नु) पर्यटनका महत्त्वपूर्ण पक्ष हुन् । यसमा ध्यान दिनुपर्छ,' उनले भने

कार्यपालिका सदस्य मैयाँलक्ष्मी महर्जनका अनुसार महोत्सवले स्वयम्भूमा क्षेत्रमा रहेका प्राचीन तर आझेलमा परेका स्मारकहरूलाई पर्यटकीय स्थलका रूपमा प्रवर्द्धन गर्न टेवा पुग्ने छ । जीविकोपार्जन तथा क्षमता विकास लागि वडाबाट तालिम लिएका व्यक्ति तथा संघसंस्थाले उत्पादन गरेका कौसीखेतीका तरकारी तथा फलफूल, ऊन तथा अन्य धागोबाट बनेका पहिरन तथा भेषभूषा प्रदर्शन गरिने छ ।

महोत्सव भुइँखेल चौरमा हुने जनाइएको छ । भगवान् पाउको धर्मचक्र पार्कमा प्रदर्शनी र वडास्तरीय विपद् व्यवस्थापन, खोज उद्धार तथा पुनःस्थापना प्रदर्शनी हुने महानगरले जानकारी दिएको छ । स्वयम्भू महाचैत्य, महाचैत्य स्थापनासँग मञ्जुश्रीको सम्बन्धका विषयमा जोडिएको लोककथा, जामुन गुमाजुको तान्त्रिक विद्यामा आधारित शान्तिपुर यस क्षेत्रका महत्त्वपूर्ण स्मारक हुन् । यस्तै शक्तिपीठहरूमा शोभा भगवतीको मन्दिर, तान्त्रिक विद्यामा आधारित विजेश्वरी मन्दिर, गीता मन्दिर सांस्कृतिक पर्यटनका सम्भावित स्थान हुन् । नेपाल संवतका प्रवर्धक शंखधर साख्वाःले वालुवा उठाउँदा सुन प्राप्त गरेर त्यही सुनबाट किसानको ऋण मोचन गरिएको लखतीर्थ यस क्षेत्रको अर्को महत्त्वपूर्ण स्थान हो । प्राकृतिक विज्ञान संग्रहालय आन्तरिक तथा वाह्य पर्यटक दुवैका लागि अवलोकन योग्य स्थान हो ।

## पृष्ठ १ बाट क्रमशः

### अन्ततः गाजामा...

तीन जना युद्ध बन्धक रिहा भएसँगै इजरायलको तेलअभिभमा स्थानीयले खुसी मनाएका छन् । अमेरिकाका राष्ट्रपति जो बाइडेनले युद्धविरामकै समयमा सम्बोधन गर्दै लामो समयदेखिको दुःख र ध्वंसको अन्त्य भएको बताएका छन् । 'धेरै दुःख, ध्वंस, मृत्युपछि आज गाजाका बन्दुकहरू मौन बस्दै छन्,' राष्ट्रपति बाइडेनले ह्वाइट हाउसबाट भने ।

युद्धविराम सम्झौताअन्तर्गत अबको केही हप्तामा थप ३० जना जना इजरायली बन्धक रिहा हुने भनिएको छ। इजरायलले प्रकाशन गरेको सूचीमा युद्धविरामको पहिलो चरणमा हमासले रिहा गरिने अपेक्षा गरिएका ३३ जना बन्धकहरूको नाम र तस्बिर समेटिएको छ । यसको बदलामा इजरायलले ९० जना प्यालेस्टाइनी बन्दीहरू रिहा गर्नुपर्ने हमासको माग रहेको छ। यो समाचार तयार पार्दासम्म इजरायलले कुनै पनि युद्धबन्दीलाई रिहा गरेको छैन । इजरायलले १९ सय प्यालिस्टिनी बन्धक र कैदीहरूलाई चरणबद्ध रूपमा रिहा गर्ने बताएको छ ।

यता युद्धविरामप्रति असन्तुष्टि व्यक्त गर्दै इजरायली सरकारका रक्षामन्त्री तथा अति दक्षिणपन्थी पार्टीका प्रमुख इटामार बेन ग्विरले राजीनामा दिएका छन् । उनले युद्धविराम 'आतंकवादको विजय' भएको टिप्पणी गरेका छन् ।

इजरायली सेनाले आफ्नो मुलुक र संयुक्त राज्य अमेरिकासहित कतिपय देशले आतंककारी संगठनका रूपमा घोषणा गरेको हमासलाई समाप्त पार्ने उद्देश्यसहितको सन् २०२३ को अक्टोबरबाट कारबाही थालेको थियो । हमासले झन्डै १२ सय जनाको ज्यान लिने र २५१ जनालाई बन्धक बनाउनेगरी इजरायलभित्र प्रवेश गरेर अक्टोबर ७ मा हमला गरेपछि इजरायलले उक्त सैन्य कारबाही थालेको थियो । हमासले सञ्चालन गरेको स्वास्थ्य मन्त्रालयका अनुसार त्यसयता ४६ हजार ९१३ जनाको मृत्यु भइसकेको छ ।

■■■

### राष्ट्रिय...

उनका अनुसार बिरामीसँगै वृद्धवृद्धा आफैं जानुपर्ने अवस्थाले समस्या भएको थियो । तत्कालीन एमाले सांसद हालकी शिक्षामन्त्री विद्या भट्टराईले पनि तत्काल राष्ट्रिय परिचयपत्र अनिवार्य नगर्न माग गरेकी थिइन् ।

पञ्जीकरण विभागले भने विगत चार वर्षदेखि ७३ वटा जिल्लाका स्थानीय तहहरूमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता अभियान सञ्चालन गर्दै आएको छ । अहिले सबै जिल्ला प्रशासन कार्यालय, ५४ वटा इलाका प्रशासन कार्यालय तथा विभिन्न जिल्लाका स्थानीय तहमार्फत राष्ट्रिय परिचयत्रको विवरण संकलन भइरहेको छ । संकलन अभियान पाँचथरबाट तत्कालीन गृहमन्त्री रामबहादुर थापाले सुरु गरेका थिए ।

राष्ट्रिय परिचयपत्रमा नागरिकको वैयक्तिक तथा जैविक विवरण समावेश भएको हुन्छ । विद्युतीय चिप्स र सुरक्षणसहितको स्मार्ट कार्ड प्रविधिमा आधारित राष्ट्रिय पहिचानको बहुउपयोगी प्रमाणपत्रको रूपमा लिने गरिन्छ । परिचयपत्र लागू भएपछि सरकारबाट प्रदान गरिने कुनै पनि सेवा सुविधा प्राप्त गर्न वा त्यस्तो सेवा सुविधाको माग गर्दा परिचयपत्र पेस गर्नुपर्ने प्रावधान छ । साथै त्यसलाई नै सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार बनाइएको छ । व्यक्तिको पहिचानको प्रमाणको रूपमा मान्यता दिइने भएकोले राष्ट्रिय परिचयपत्र कार्ड आवश्यक रहेको पञ्जीकरण विभागले जनाएको छ ।

१६ वर्ष पूरा भई नागरिकता प्राप्त गरेका व्यक्तिले राष्ट्रिय परिचयपत्र प्राप्त गर्ने हक छ। सरकारले प्रदान गर्ने राहदानी लिन, सामाजिक सुरक्षाभत्ता लिन, राहत तथा अनुदान लिन, मतदान गर्न, सम्पत्ति खरिद बिक्री गर्न र व्यक्तिगत घटना दर्ता गर्न पनि परिचयपत्र चाहिने जनाएको छ । बैंकमा खाता खोल्न तथा कारोबार गर्न वा त्यस्तो सेवा सुविधाको माग गर्दा मोबाइलको सिमकार्ड लिन परिचयपत्र पेस गर्नुपर्ने भनिएको छ ।

# Sanni Triveni Rural municipality

## Office of the Rural MunicipalityExecutive

Mehalmudi, Kalikot

Karnali Province, Nepal

## Invitation For Sealed Quotation

First Date of Notice Publication : 2081/10/07 ( January 20, 2025)

1. Sanni Triveni Rural municipality office Mehalmudi,Kalikot invites electronic Bids From registered Suppliers for the construction of following Project.

| S.N. | Contract Identification Number | Work Description / Name of Project | Estimate Amount inclusive of VAT, (NRs.) | Bid Security amount (NRs.) | Bid Security Validity Period | Bid Purchasing Fees in (NRs.) | Last date of Submission bid Document |
|---|---|---|---|---|---|---|---|
| 1. | STRM/G/SQ/ POBHG/ 03/2081/082 | Supply and delivery of 62.5 KAV, 3 phase diesel generator having 380-415 Volt, 50 -60 Hz frequency, lagging power factor 0.80 to 0.99 with appropriate Canopy, AMF & Power cable .(Purchase of Basic Hospital Generator) | 14,50,000. | 40,000.00 | 75 Days | 1000 | 2081/10/22 ( February 4, 2025) 12:00PM. |

2. Eligible Suppliers may obtain further information and the bidding document at the office of Sanni Triveni Rural municipality ,Office of the Rural Municipality Executive ,Mehalmudi,Kalikot , Mobile No:-9848215358 Or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
3. Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of Bank : Sanima Bank Branch Office Mehalmudi,Kalikot

   Name of Office:- Sanni Triveni Rural municipality Office ,Mehalmudi,Kalikot

   Office Code no :- 80665506300 Internal Revenue Account no :- 073010040000003 Dharauti Khata no : 073010020000005
4. Pre bid meeting shall be not held.
5. Electronic bids must be submitted through e-GP System i.e www.bolpatra.gov.np/egp. On or before 2081/10/22 ( February 4, 2025) 12:00PM Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of bidders representatives who choose to attend at 2081/10/22 ( February 4, 2025) 2:00 PM. at Sanni Triveni Rural municipality ,Office of the Rural Municipality Executive Mehalmudi, Kalikot..
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 073010020000005 ,Sanni Triveni Rural municipality office on Name of Bank Sanima Bank submit bank deposit voucher along with the bids or Bank guarantee favour of Sanni Triveni Rural municipality office.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations,2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**


**युएइमा रोजगार** कम्पनी : BROGAN MIDDLE EAST SCAFFOLDING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०३/२६ पुनः स्वीकृति मिति : २०८१/१०/०६ LT. No. 307690 चलानी नं. ६०२२३०१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 80 | 0 | 1200 | ४५,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १४ गते (27th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैँले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R.K. INTERNATIONAL H.R. SOLUTIONS PVT.LTD**
KMC-26, Samakhusi, Kathmandu, Nepal, Tel: 01-5919792, Mobile: +9779856006311, WhatsApp: +977-9856006311, E-mail: adminrkinepal@gmail.com, drbastola12@gmail.com
श्रम इजाजत नं. १६३७/०८०/८१

**युएइमा रोजगार** कम्पनी : Mohammed Abdulmohsin Al-kharafi & Sons L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ LT. No. 317267 चलानी नं. ६०२३१५१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 100 | 0 | 1050 | ३९,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १४ गते (27th Jan. 2025) मा हुनेछ ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**साउदीमा रोजगार** कम्पनी : Professional Speed Trading Establishment

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ LT. No. 317208 चलानी नं. ६०२३१५३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelf Packer | 2 | 0 | 1200 | ४४,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १४ गते (27th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैँले | रोजगारदाता कम्पनीले |

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492 Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com
श्रम इजाजत नं. ५७४/०६२/०६३

**युएइमा रोजगार** कम्पनी : POWER RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०८०/११/१० पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०६ LT. No. 300402 चलानी नं. ६०२१५३१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labourer | 119 | 0 | 800 | ३०,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १४ गते (27th Jan. 2025) मा हुनेछ ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

**Mauritius मा रोजगार** कम्पनी : BEST STEEL CONSTRUCTION LTD

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ LT. No. 307566 चलानी नं. ६०२३१२११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 16500 | ४८,७६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MASON | 25 | 0 | 16500 | ४८,७६३ | | | | | | | |
| 3 | STEEL FIXER | 15 | 0 | 16500 | ४८,७६३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १३ गते (26th Jan. 2025) मा हुनेछ ।

**INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.**
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669 E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com
Govt. License No. 706/064/065

**साउदीमा रोजगार** कम्पनी : EURO RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ LT. No. 317144 चलानी नं. ६०२३१४९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Worker | 1 | 0 | 1000 | ३६,९११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १३ गते (26th Jan. 2025) मा हुनेछ ।

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892 E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम इजाजत नं. ४३५/०६०/०६१

**साउदीमा रोजगार** कम्पनी : HAMED BIN SAUD BIN SAMAR AL-OTAIBI COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ LT. No. 317153 चलानी नं. ६०२३१४४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 100 | 0 | 1000 | ३६,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १४ गते (27th Jan. 2025) मा हुनेछ ।

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

**साउदीमा रोजगार** कम्पनी : SULTANA FALEH KHWAISHAN AL HARBI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ LT. No. 317284 चलानी नं. ६०२३१५२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३६,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १४ गते (27th Jan. 2025) मा हुनेछ ।

**Sulav Recruitment Pvt.Ltd.**
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com
Govt. License No. 1336/074/075

# स्वास्थ्य बिमा सुधारको कार्ययोजना प्रस्तुत गर्न प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं (प्रस)**– प्रधानमन्त्री केपी शर्मा ओलीले स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलको प्रतिवेदनका आधारमा यथाशीघ्र सुधारको कार्ययोजना बनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएका छन् ।

उक्त कार्यदलको प्रतिवेदन र सुझावबारे आइतबार प्रधानमन्त्रीनिवासमा ब्रिफिङ लिएपछि प्रधानमन्त्री ओलीले निरोगी नेपाल बनाउने लक्ष्यसहित नागरिकलाई सुशिक्षित गराउनुपर्ने र बिरामी भइहालेमा खर्च नभएर उपचार गर्न नपाउने अवस्था हुन नहुने बताए । उनले कार्यदलबाट स्वास्थ्य बिमा कार्यक्रमको वस्तुनिष्ठ समीक्षासहित सुझाव दिइएकाले यथास्थितिमा परिवर्तन गरी व्यावहारिक हुनेगरी कार्यक्रमलाई एक साताभित्र कार्ययोजना ल्याउन मन्त्रालयलाई भनेका हुन् ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, कार्यदलका संयोजक डा शम्भु आचार्य, सदस्यहरू डा भगवान् कोइराला, डा रघुराम काफ्ले र सदस्यसचिव डा सरोज शर्माले प्रधानमन्त्री ओलीलाई स्वास्थ्य बिमा कार्यक्रमको नीतिगत, कानुनी र संरचनागत परिवर्तन गर्नुपर्ने देखिएको ब्रिफिङ गरेका थिए ।

हाल यस कार्यक्रमअन्तर्गत करिब ११ अर्ब रूपैयाँ भुक्तानी गर्न बाँकी छ । कार्यक्रममा कूल जनसंख्याको २७ प्रतिशत नागरिक आबद्ध भएको र आबद्ध भएकामध्ये ४८ प्रतिशतले सेवा लिएको स्थितिमा सबै नागरिकलाई कार्यक्रममा अनिवार्य सहभागी गराउने र निरपेक्ष गरिबीको रेखामुनि रहेका सबै नागरिकको स्वास्थ्य सेवा निःशुःल्क गर्नुपर्ने ढाँचामा जान कार्यदलले सुझाव दिएको छ ।

कार्यदलले आधारभूत स्वास्थ्यसेवा र अन्य सामाजिक सुरक्षाका कोषका कार्यक्रमसँग पनि यस कार्यक्रमलाई एकीकरण गर्न सुझाएको छ । सो कार्यदलले गत पुस १४ गते मन्त्रालयलाई प्रतिवेदन बुझाएको थियो ।

# बागमती सफाइमा जुट्न थाले महानगरका जनप्रतिनिधि

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाका जनप्रतिनिधि आफ्नो क्षेत्रको बागमती सफाइमा जुट्न थालेका छन् । महानगरपालिका-९ का वडाध्यक्ष रामजी भण्डारीको नेतृत्वमा शनिबार तिलगंगा नीलो पुलमा जनप्रतिनिधि बागमती सफाइमा केन्द्रित भएका थिए ।

गत शनिबार वडा नं ८ का अध्यक्ष आशामान संगतको नेतृत्वमा पशुपति क्षेत्रस्थित नदी किनारमा सफाइ गरिएको थियो । २०७० जेठ ५ गतेदेखि सुरु भएको बागमती सफाइ महाअभियान प्रत्येक हप्ताको शनिबार नियमितरूपमा बागमती किनारमा हुने गरेको छ ।

बागमती सफाइ महाअभियानको ६१० औं हप्तामा वडासदस्य टेकराज अधिकारी, रचना सुनाम, सृजना भेटवाल, कामनपा वडा नं ११ का अध्यक्ष हिरालाल तन्डुकारलगायत जनप्रतिनिधिको सक्रियतामा सफाइ गरिएको थियो । स्थानीयवासी, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका कर्मचारी, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, कामनपा वातावरण विभाग टेकु, बागमती सफाइ महाअभियानका प्रमुख अभियानकर्मी एवं पूर्वमुख्यसचिव लीलामणि पौडयालसहित बागमती सफाइ अभियानकर्मी पनि सफाइमा सक्रिय भएको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिए । त्यस क्षेत्रको बागमती किनारबाट तीन मेट्रिक टन नकुहिने फोहोर व्यवस्थापन गरिएको पनि उनले सुनाए । कामनपा वातावरण विभाग टेकुको ट्रकमा उठाइएको सबै फोहर व्यवस्थापन गरिएको थियो ।

कामनपा वडा न ९ र ८ संयुक्त पहलमा आइतबारदेखि महानगरीय प्रहरी बलका प्रहरी नायब उपरीक्षक शिव पौडेलको नेतृत्वमा २० जनाले तिलगंगा बागमती पुलबाट प्रयागघाटसम्म दायाँबायाँ किनारमा सरसफाइ एव बिरुवा गोडमेल गर्ने गरी कार्यक्रम बनाइएको अभियानकर्मी शाहीले बताए ।


**Government of Madhesh Province**
**Ministry of Industry, Commerce and Tourism**

## Tourism Development Office

**Birgunj, Parsa**

## NOTICE OF INVITATION FOR ELECTRONIC BID

**First Date of Publication: 20th January 2025**

1. Toursim Development Office, Birgunj, Parsa invites **electronic bids** from eligible Nepalese bidders for the following works:

| S. No. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Estimated Amount (without VAT and PS) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | TDOPARSA/ W/19/081/082 | Birgunj ma.na.wada no.-2, Chhapkaiya Aadhuro Atimkhana Nirman , wada no.-16 ma Ganesh tole ma Aadhuro Dharamsala Nirman, wada no.-5 Tripureswar Aadhuro Mandir Nirman, parsa | 3,000.00 | 42,38,763.73 | 90 days | 115,000.00 / 120 days | |
| 2 | TDOPARSA/ W/20/081/082 | Bahudarmai na.pa.9, Pokhari Saundrikaran tatha surya mandir nirman,Pakahamanpur ga.pa.4 ma Raheko Aadhuro Ramjanki Mandir Nirman, Bahudarmai na.pa.-9, Satomaimandir Saundikarantatha Yagsala Nirman | 3,000.00 | 42,37,455.01 | 90 days | 115,000.00 / 120 days | |
| 3 | TDOPARSA/ W/21/081/082 | Yatihasik Parsagadhi isthan parsagadhi na.pa.-5 parsa, Vedaha Mandir Birgunj-27 Vedaha khola parsa, Dharmic Pratikya chhetra Nirman Aamodevi mandir Parsagadhi | 3,000.00 | 42,38,067.89 | 90 days | 115,000.00 / 120 days | |
| 4 | TDOPARSA/ W/22/081/082 | Maajar istraunatti, Tejarath tole ma Pokhari Saundrikaran , Pokhari Saundrikaran,Birgunj ma.na -13,14 | 3,000.00 | 42,33,985.58 | 90 days | 115,000.00 / 120 days | |

| | |
|---|---|
| **Deadline for Bid Submission:** | 2025/02/20 till 12:00 Noon |
| **Date, Time and Place of Bid Opening:** | 2025/02/20 1:00 PM at Tourism Development Office, Birgunj |
| **Account Number for Bid Document Purchase:** | Name of Bank: Rastriya Banijya Bank, Birgunj<br>Account Name: Tourism Development Office, Birgunj<br>Account no.: 1000100200010000<br>Office Code: 3070022012<br>Revenue Code: 14229 |
| **Account Number for Bid Security Deposit:** | Account Name: Pradesh Lekha Ekai Karyalaya, Birgunj<br>Bank Name: Rastriya Banijya Bank, Birgunj<br>Account Number: 1250100202030000 |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Tourism Development Office, Birgunj, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever

## Mandandeupur Municipality

## Office of Municipal Executive

**Mahadevsthan, Kavre**

**Bagmati Province, Nepal**

## INVITATION FOR ONLINE BIDS

***(Date of Publication: 20th Jan 2025)***

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Mandandeupur Municipality website www.mandandeupurmun.gov.np.

| S/n | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat, PS & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Wada No 8 Ka Civil Yojanaharu | 07/Works/NCB/ MDM/081/82 | 20/02/2025 12:00 hrs. | 20/02/2025 13:00 hrs. | Nrs. 3000.00 | Nrs. 73000.00 | Nrs. 2473067.48 |
| 2 | Ward no 6 ka bibhinna yojnaharu phase-1 | 10/Works/NCB/ MDM/081/82 | 20/02/2025 12:00 hrs. | 20/02/2025 13:00 hrs. | Nrs. 3000.00 | Nrs. 65000.00 | Nrs. 2117004.16 |
| 3 | Ward No.11 Ka Bibhinna Yojanaharu | 11/WORKS/NCB/ MDM/081/82 | 20/02/2025 12:00 hrs. | 20/02/2025 13:00 hrs. | Nrs. 3000.00 | Nrs. 60000.00 | Nrs. 2027441.52 |
| 4 | Wada no 4 ka Bibhinna yojanaharu | 14/Works/NCB MDM/081/82 | 20/02/2025 12:00 hrs. | 20/02/2025 13:00 hrs. | Nrs. 3000.00 | Nrs. 55000.00 | Nrs. 1740512.38 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### युद्ध सधैंका लागि रोकियोस्

**इजरायल र हमासबीच गाजामा १५ महिनाअघिबाट सुरू भएको युद्ध आइतबारबाट रोकिएको छ । योसँगै मध्यपूर्वमा जारी तनाव अन्त्य भएको छ । शान्ति पक्षधरहरूको तीव्र दबाबपछि यहाँ युद्धविराम भएको हो । हमास समूहले इजरायलमा हजार जनाभन्दा बढीको मृत्यु हुनेगरी ड्रोन आक्रमण गरेपछि सुरू भएको युद्धमा ४६ हजार मानिसहरूको मृत्यु भइसकेको बताइएको छ ।**

**यस्तो हिंसाको अन्त्य हुनु निकै सुखद कुरा हो । यो युद्धका कारण कयौंले गाजा छाडेका थिए भने युद्धविराम भएसँगै मानिसहरू आफ्नो ठाउँमा फर्कन थालेका छन् । कतिपय मानिसहरूको अवस्था अझै अज्ञात छ । नेपाल र नेपालीका लागि पनि यो युद्ध निकै सम्झनालायक रह्यो । सिक्ने र कमाउने सरकारी कार्यक्रमअन्तर्गत इजरायल पुगेका १० जना नेपाली विद्यार्थीले यही युद्धको क्रममा ज्यान गुमाएका थिए । २०८० असोज २० गतेको यो घटनामा कञ्चनपुरका विपिन जोशी हमासको नियन्त्रणमा परेका थिए । जोशीको अवस्था अहिलेसम्म अज्ञात छ । उनको रिहाइका लागि नेपाल सरकारले अथक प्रयास गरिरहेको छ । यद्यपि उनको अवस्थाबारे कुनै जानकारी प्राप्त हुन सकेको छैन ।**

**हमासले पहिलो चरणमा रिहा गर्छु भनी सार्वजनिक गरिएको सूचीमा विपिनको नाम छैन । यद्यपि इजरायल सरकार र विभिन्न पक्षले उनको रिहाइ हुने बताउँदै आएको छ । विश्वमा जुनसुकै उद्देश्यले भएको युद्ध होस् त्यो रोकिनुपर्छ । नरसंहार रोकिनुपर्छ । गाजामा भएको युद्ध रोकिएको छ, यो स्वागतपूर्ण कदम हो । नेपालीहरूका लागि झनै सुखद कुरा हो । इजरायल हाम्रो श्रम गन्तव्य हो । नेपालीहरू श्रम बेच्न संसारका थुप्रै देशमा पुगिरहेका छन् । देशमा रोजगारी अभावका कारण के इजरायल, के रुस नेपालीहरू अनेक दुःख झेलेर पुगिरहेकै छन् । ज्यान जोखिममा राखेर श्रम गन्तव्यमा पुग्नु नेपालीको बाध्यता हो । यसैकारण विश्वमा शान्ति कायम होस् भन्ने सबै नेपालीको एउटै चाहना हो ।**

**धन कमाउन गएका सन्तानको अवस्था अज्ञात हुँदा कसलाई दुःख लाग्दैन र ? इजरायलमा होस् या युक्रेन, रसिया होस् या अन्य देश । हिजोबाटै नेपालीको नियति यस्तै थियो । यस्तो दुःखका दिन अन्त्य होस् भन्ने कामना हामी सबैले गरौं । र, युद्ध केही समयका लागि हैन सधैंका लागि रोकियोस् ।**

# सिसी र चक्की भिटामिनको भ्रम



■ डा. अरुणा उप्रेति

> प्रायः मानिसहरु घरमा फलेको मेवा खान छोडेर, औषधि पसलमा गएर पाचन गर्ने औषधि, विभिन्न भिटामिनका झोल, शक्ति दिने झोल, सुत्केरी महिलालाई दूध बढाउने झोल, बालबालिकालाई भोक लगाउने झोल भनेर अनेकथरीका थरीथरीका बट्टाहरु किनेको पाइन्छ । नेपाली उखान 'नजिकको तीर्थ हेला' भनेझैं आफूसँग भएको वस्तुको बेवास्ता गरेर त्यसको सट्टामा महँगा झोलहरु किन्नेक्रम बढिरहेको छ । यसले आर्थिकरुपमा मात्र नभई स्वास्थ्यका हिसाबले पनि फाइदा पुगेको छैन ।

'डाक्टर साहेव, मलाई कमजोरी भइरहेछ, कुनै भिटामिन वा टनिक लेखिदिनुस् न ।' यो वाक्य अस्पताल, हेल्थपोस्ट र क्लिनिकमा काम गर्ने डाक्टर वा स्वास्थ्य कार्यकर्ताले प्रायः सुन्नुपर्छ । हातमा ठूला राम्रा टनिकका सिसी लिएर घरपरिवारका बालबालिका वा बिरामीबाट भर्खर तंग्रिन लागेका व्यक्तिलाई खुवाउने प्रचलन अहिले गाउँ सहर सबै ठाउँमा बढ्दो छ ।

पहिले सुत्केरीलाई ज्वानोको झोल खुवाएर दूध पर्याप्त मात्रामा आउँथ्यो । क्याल्सियम पनि हुन्थ्यो । तर अहिले ज्वानोको नाममा नाक खुम्च्याइन्छ तर महँगा क्याल्सियमका चक्की भने मज्जासँग खुवाइन्छ । त्यसैगरी बढी भिटामिन ख्वाउनुपर्छ भनेर मानिसहरू जताततै भिटामिनको खोजीमा छन् । कतिचोटी ग्राहक आफैं औषधि पसलमा गएर भन्छन्, 'मलाई कमजोरी भएको छ कुनै तागतको झोल दिनुस् न ।' औषधि पसलेले कुनै 'कुनै रंगीन झोल' निकालेर दिन्छ र ग्राहक खुसी हुँदै 'तागतको सिसी' लिएर फर्कन्छन् ।

विशेषगरी गाउँघरतिर महिला ढाड दुख्नेदेखि लिएर मुटु पोल्नेसम्म जुनसुकै प्रकारको शारीरिक अस्वस्थतामा पनि भिटामिन प्रयोग गर्छन् । सहरका महिलाले पनि आफैं 'दुब्लो भएँ, मोटाउने भिटामिन दिनुस् न' भन्दै औषधि पसलबाट किनेर ल्याउँछन् । गाउँमा स्वास्थ्य शिविर सञ्चालन गर्दा कतिचोटी महिला खास कुनै समस्या नभए पनि कमजोरी भयो भनेर आउँछन् र भिटामिनको माग गर्छन् । यदि उनीहरूलाई भिटामिन नदिने हो भने 'कस्तो डाक्टर होला । केही रोग छैन भनेर भिटामिन दिएन' भनेर गुनासो गरेको पनि सुनिन्छ । त्यसैगरी बच्चाले भात खाएन भनेर बजारको औषधि खुवाए भात र रोटीले पाउने पोषण पुग्छ भन्ने ठान्छन् ।

भिटामिन मानव शरीरका लागि एकदमै नभई नहुने तत्त्व हो । त्यस शब्दको उत्पत्ति नै ल्याटिनको भाइटल (अत्यन्त आवश्यक) शब्दबाट भएको हो । भिटामिन मानव शरीरलाई अत्यन्त कममात्रामा चाहिन्छ भन्ने त सबैलाई थाहा छ तर यो हामीले दिनदिनै खाने भोजनबाट नै प्राप्त हुन्छ र यसको बढी प्रयोग गरेर ज्यादा फाइदा हुँदैन भन्ने कुराचाहिँ कमैलाई थाहा छ । त्यसैले त उनीहरू त्यसको पूर्ति हेर्दा आकर्षक देखिने तर महँगा र अनावश्यक झोलहरूले हुन सक्दैन भन्ने तथ्यतर्फ कमैको ध्यान गएको पाइन्छ ।

गर्भवती र सुत्केरी आमालाई सबै पौष्टिक तत्त्व एवं भिटामिनहरू बढी चाहिन्छन् भन्ने कुरा पनि प्रायःलाई थाहा हुन्छ, तर ती आवश्यक तत्त्वहरू प्राकृतिक भोजनमै धेरै हुन्छ भन्ने कुरामा कमैले ध्यान पुऱ्याएको देखिन्छ । आमा पनि चाहे काखको बच्चा होस् चाहे बढ्ने बच्चा सबैलाई भिटामिन झोल र टनिक दिएर सन्तुष्ट हुन्छन्, बच्चालाई पोषण दिइरहेको ठान्छन् । बाबु आमा कमैलाई थाहा छ- भान्सामा भएको भोजन नै बच्चालाई सबैभन्दा उपयुक्त हुन्छ ।

आधुनिक चिकित्सा विज्ञानका पिता हिपोक्र्याटस भनेका थिए, 'भोजन नै औषधि हो ।' विभिन्न विज्ञापनका भरमा औषधि किनेर खाने प्रचलन र घरको खानेकुराले मात्रै हाम्रो शरीर कमजोर हुन्छ भन्ने गलत मानसिकताका कारणले नै मानिसहरू सिसी र चक्की भिटामिन औषधि किनेर खान्छन् । हाम्रा करेसाबारीमा फलेका हरिया तरकारी, बजारमा पाइने मौसमअनुसारका फलफूल आदिलाई बेवास्ता गरेर हामीहरू धेरैजसो स्वास्थ्य राम्रो पार्नका लागि बजारका टनिक किनेर खान्छौं ।

भिटामिनको प्रयोग गर्दा चक्कीभन्दा रंगीन झोल वा टनिकहरू बढी फाइदाजनक र झोलभन्दा बढी भिटामिन सुई फाइदाजनक हुन्छन् भन्ने गलत धारणाले गर्दा गाउँघरमा प्रत्येक रोगको लागि भिटामिन सुई लिने प्रचलन पनि धेरै मात्रामा छ । अनेक भ्रामक र अज्ञानताको कारणले पछिल्लो समय गाउँघरमा पनि सस्ता पोषक खानेकुराहरू छोडेर महँगो झोल तथा सुईका पछाडि दौडिनेक्रम बढ्दै गएको छ । यस्तो चलन बढ्नुको एउटा कारण रेडियो, पत्रपत्रिका र टिभीजस्ता सञ्चारमाध्यमहरूमा हर्लिक्स्, बुस्ट, बोर्नभिटाजस्ता भिटामिनहरूको प्रचारप्रसार अत्यधिक हुनु पनि हो ।

भिटामिन 'ए' को कमीले हुने राति अन्धो हुने रोगका लागि 'भिटामिन ए' को क्याप्सुल बाँडिन्छ । तर तपाईंको घरको बारीको फल मेवा वा अम्बा खाउँ है भनेर भनिँदैन । जुन ठाउँमा पर्याप्त मात्रामा अमला पाइन्छ त्यो ठाउँमा भिटामिन 'सी' को चक्की बेचिन्छ महँगोमा । सस्तोमा पाइने अमला भिटामिन सीकोभन्दा धेरै सस्तो भएर पनि बेवास्ता गरिन्छ ।

मानिसहरूले आफ्नो धेरै कमाई भ्रममा परेर यस्ता रंगीन झोलमा खर्च गरिरहेका छन् । औषधि पसलमा गएर रंगीन झोल किन्नुभन्दा अगाडि तपाईं डाक्टरलाई सोध्नुस्, 'के वास्तवमा नै मलाई भिटामिन जरुरी छ ?' भोक लगाउने टनिक आफूले खानुभन्दा अघि वा परिवारका सदस्यहरूलाई दिनुभन्दा अघि सोच्नुस्, 'के यो वास्तवमा तपाईंलाई चाहिन्छ ? के यसका सम्पूर्ण कुप्रभावहरूबारे तपाईंलाई जानकारी दिइएको छ ? कतिपय विकसित देशहरूमा कुप्रभाव पर्छ भनेर भनिएका यस्ता भिटामिनका चक्की वा झोलहरू नेपालमा प्रश्रयका साथ बिक्री वितरण भइरहेको छ । सन्तुलित भोजनबाट नै सबैखाले भिटामिनहरू पाउन सकिन्छ भनेर बुझ्नसक्यो भने भिटामिन झोल र टनिकको कसैलाई पनि जरुरत हुँदैन ।

त्यसैगरी धेरै मानिसहरू भोजन भनेर पाचन गराउने रस किनेर खान्छन् । तर घरमै भएका खानेकुरा ज्वानो, हिङजस्ता तत्त्वहरूको प्रयोग गरे पनि पच्ने प्रक्रिया राम्रो हुन्छ भनेर धेरै थोरैलाई मात्र थाहा हुन्छ होला । युवा पुस्तामा त यस्ता कुराहरूमा कमैले चासो दिएको पाइन्छ । तराईमा घरघरमा पाइने मेवा पाकेर झरिरहेका हुन्छन् । त्यसलाई हेरेर आँखा तर्काएर हिँड्नेहरूलाई थाहा छैन कि मेवा कस्तो औषधि, पाचन रस र भिटामिनले भरिएको खानेकुरा हो भनेर । खाना पचाउने भनेर थरिथरिका सिसीहरू बजारबाट किनेर ल्याउनेहरूलाई थाहा छ कि छैन मेवामा शरीरका भोजन पचाउन चाहिने सबै पाचन रसहरू जस्तैः पापायीन, खिम्मोपापिन आदि हुन्छ ।

मेवालाई विभिन्न ठाउँमा विभिन्न तरिकाले प्रयोग गरिन्छ । कतै पाकेको, कतैकतै पाकेको फललाई झोल बनाएर खाइन्छ, कतै काँचो मेवालाई तरकारी वा अचार बनाएर खाइन्छ जसरी खाए पनि यसले शरीरको रोग प्रतिरोधात्मक शक्ति बढाउने मात्रा होइन कि शरीरमा रहेका अन्य समस्या जस्तो कब्जियत हुने, खाना नपच्ने समस्या हुने आदि हटाउन पनि सक्छ । मेवामा भिटामिन 'सी' को मात्रा प्रचुर रहेको हुन्छ ।

आधुनिक पाचन रसका बारेमा जानिफकार प्रोफेसर म्यकस वोल्फले क्यानेडियन सिपाहीहरूमा अनुसन्धान गरेका थिए । उनले पर्याप्त मात्रामा पाचन रस भएका फलफूलहरूको खान दिएका सिपाहीहरूको स्वास्थ्यमा मात्र सुधार भएन कि उनीहरूमध्ये जसलाई धेरै रुघाखोकी लागि रहन्थ्यो दुईतिहाइलाई त लामो समयसम्म रुघाखोकी नै लागेन । एकतिहाइ सिपाहीलाई रुघाखोकी लागे पनि कडा रूपले लागेन । प्रोफेसर वोल्फले आफ्ना विभिन्न अनुसन्धानबाट यो निष्कर्ष निकाले कि, शरीरमा पर्याप्तमात्रामा पाचन रस हुने हो भने व्यक्तिहरूको शरीरमा किटाणुहरूले आक्रमण गरेर रोग लाग्ने सम्भावना कम हुन्छ । पाचन रस प्राप्त गर्न टाढा जानै पर्दैन । मेवामा रहेका पर्याप्त तत्त्वहरू नै खानेकुरा पचाउन पर्याप्त छन् ।

तरै प्रायः मानिसहरू घरमा फलेको मेवा खान छोडेर, औषधि पसलमा गएर पाचन गर्ने औषधि, विभिन्न भिटामिनका झोल, शक्ति दिने झोल, सुत्केरी महिलालाई दूध बढाउने झोल, बालबालिकालाई भोक लगाउने झोल भनेर अनेकथरीका थरीथरीका बट्टाहरू किनेको पाइन्छ । नेपाली उखान 'नजिकको तीर्थ हेला' भनेझैं आफूसँग भएको वस्तुको बेवास्ता गरेर त्यसको सट्टामा महँगा झोलहरू किन्नेक्रम बढिरहेको छ । यसले आर्थिकरूपमा मात्र नभई स्वास्थ्यका हिसाबले पनि फाइदा पुगेको छैन । *रासस*

*(लेखक जनस्वास्थ्य तथा पोषणविद् हुन्)*

## रोजगार सरोकार

### विदेशबाट पैसा पठाउने सुरक्षित तरिका

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

पृष्ठ १ बाट क्रमशः

# कानुनभन्दा माथि बैंक तथा वित्तीय संस्था

जनताबाट चुनिएका जनप्रतिनिधि अर्थात् सांसदहरूले ऐन, कानुन निर्माण गर्दछन् । संघीय संसद्को दुवै सदनबाट विधेयक पारित भएपछि प्रमाणीकरणका निम्ति राष्ट्रपति कहाँ पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपश्चात् सो विधेयक ऐन, कानुनमा परिणत भई कार्यान्वयनमा जान्छ । कार्यान्वयनमा गएसँगै सोहीबमोजिम सरकारी कार्यालयहरूले काम गर्दछन् । र, जनतालाई सेवासुविधा पनि दिनुपर्छ ।

यातायात ऐन, २०४९ सालमा ल्याइयो । नियमावली, ०५४ मा आयो । यही ऐनअनुसार सर्वसाधारण जनताले अटो शोरुमबाट नयाँ गाडी किनेर यातायात कार्यालयमा निजी तथा भाडामा दर्ता गरे । यातायात कार्यालय भनेको सरकार हो । यातायात कार्यालयमा कुनै पनि सवारीसाधन दर्ता गरिँदा सो सवारीको उत्पादन मिति, उत्पादित देश, भित्रिएको भन्सार कार्यालय, इन्जिन नम्बर, च्यान्सिस नम्बर, मोडेल, सिसी क्षमता, सिट संख्या, दर्ता नम्बर ढड्डा र बिलबुकमा लेखिन्छ ।

